# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

REACHING NATIONS

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ

16 Languages

Associate Editors : Bro. BHUVAN DEVKODA
Bro. RAJ KUMAR BHANDARI

Vol. XXIII | SEPTEMBER 2023 | No. 09


## पवित्र बाइबल

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**

**परमप्रभुको प्रशंसा**

**भजनसंग्रह १०१ :१-८**

१. म तपाईंको प्रेम र न्यायको गीत गाउनेछु, हे परमप्रभु, म तपाईंको प्रशंसा गाउनेछु ।

२. म निर्दोष जीवन बिताउनलाई होसियार रहनेछु । तपाईं मकहाँ कहिले आउनुहुने ? म आफ्नो घरभित्र शुद्ध आचरणको जीवन बिताउनेछु ।

३. मेरो आँखाको सामुन्ने कुनै नीच कुरा म राख्नेछैनँ । पथभ्रष्ट भएकाहरूका कामलाई म घृणा गर्छु, तिनीहरू मसित टाँसिनेछैनन् ।

४. कुटिल मति भएका मानिसहरूबाट म टाढा रहनेछु । कुनै खराबी कामसित म केही सम्बन्ध राख्नेछैनँ ।

५. जसले आफ्नो छिमेकीको निन्दा गुप्तमा गर्दछ, त्यसलाई म नाश गर्नेछु, अभिमानी दृष्टि भएको र घमण्डी हृदय भएकालाई म सहनेछैनँ ।

६. मेरो कृपादृष्टि देशका विश्वासयोग्य जनहरूमाथि रहनेछ ताकि तिनीहरू मसित बास गरून् । त्यो जो निर्दोष मार्गमा हिँड्दछ, त्यसले मेरो सेवा गर्नेछ ।

७. छलकपट गर्ने मानिस मेरो घरमा बस्न पाउनेछैन, झुट बोल्ने मानिस मेरो नजरको सामुन्ने रहन पाउनेछैन ।

८. देशका सबै दुष्ट जनहरूलाई हरेक बिहान म नष्ट पार्नेछु, परमप्रभुको सहरबाट दुष्ट काम गर्नेहरू सबैलाई म नष्ट पार्नेछु ।



# नडराओ !

FEAR NOT! **यशैया ४१:१०**

**तपाईंको विश्वास जोगाउने सन्देश ! ध्यान दिएर पढ्नुहोस् !!**

**पा. एस. साम सेल्भाराज**

केही मानिसहरूले भन्ने गर्छन्, "म हरेक बिहान केवल समस्याहरू सामना गर्न मात्रै उठ्छु, जसलाई वर्णन गर्न सकिदैन ।" तिनीहरू भन्छन् - शारीरिक र भावनात्मक र पारिवारिक समस्याहरू । धेरै जना एकपछि अर्को समस्याहरूमा परेका छन् र तिनीहरू चिन्ता गर्छन् । प्रायःजसो तिनीहरूले भन्ने गरेका छन्, "यसलाई सम्हाल्न मेरो निम्ति अत्याधिक भएको छ । मेरा समस्याहरू मलाई पराजित गर्न वृद्धि भएको छ ! यी समस्याहरूसँग लडाइँ गर्न मसँग अब कुनै शक्ति छैन । मैले यसलाई कसरी सही बनाउने ?" आज यही तपाईंको अनुभव भएको हुन सक्छ !

हाम्रो सेवकाइले दिनहुँ अत्यन्तै कठिन अवस्थाहरूबाट गुज्रिने सन्तहरूबाट धेरै पत्रहरू प्राप्त गर्ने गर्थ्यो । दुई दिनअघि, यस्ता केही पत्रहरू पढ्न मैले करिब आधा दिन बिताएँ:

परमेश्वरको भय मान्ने एक जना महिनाले जानकारी दिनुभयो: "मेरो विवाह भएको पैंतीस वर्षभन्दा धेरै भयो र अहिले म हजुरआमा बनेकी छु । तर मेरो परिवार मेरो पतिबाट नष्ट भइरहेको छ । उहाँ परमेश्वरको अभिषिक्त जन हुनुहुन्छ र प्रभुले प्रायः प्रयोग गर्नुभएको थियो । अहिले उहाँमा भएको त्यो

बाँकी पृष्ठ ३ मा




बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल

## यूट्यूब ख्रीष्टियान च्यानल

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।

**५ मिनेटको सन्देश**

**अंग्रेजी र हिन्दी, तामिल र तेलगू**

**हरेक दिन: बिहान ५ बजे**

**तामिल आइतवार सेवा: बिहान ८:३० बजे**

# बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



## तपाईंको प्रिय भाइबाट....

REACHING NATIONS



**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।


**CHIEF EDITOR**

Pastor Alex Samson Sam, B.Th., M.Div.

**ADMINISTRATION**

Bro. N. Prakasam, M.A., General Manager
Dr. Rabinder Boaz, M.S.
Bro. K. Puratchivendan

**EDITORIAL BOARD**

Sis. Jesy Veena Sam
Sis. Serena Bevin, M.A., M.Phil., B.Ed.
Dr. A. Richard Samuel, M.A., Ph.D.
Rev. Dr. K.R. Rajasekaran

**EDITOR, PUBLISHER & PRINTER**

Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.

Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766

Cell : (+91) 98410 71852, 95661 31858

**E.mail ID**

sam@echoofhiscall.org
biblecor@yahoo.co.in

**WEBSITES**

www.echoofhiscall.org
www.stpaulsmatriculation.com

**YOUTUBE CHANNEL**

Echo of His Call


**"तिमीहरूमध्ये थोरैचाहिँ हजार हुनेछ र सबैभन्दा सानोचाहिँ एउटा शक्तिशाली जाति हुनेछ । म परमप्रभु हुँ । त्यसको समयमा त्यो चाँडै पूरा गर्नेछु"** (यशैया ६०:२२) ।

प्रभुमा प्रियहरू !

हाम्रो प्रभु र मुक्तिदाता येशू खीष्टको नाउँमा हामी तपाईंलाई अभिवादन गर्दछौं !

तपाईं सबै जना सकुशलै हुनुहुन्छ भनेर हामी विश्वास गर्छौं । हामी हरेक दिन तपाईंको निम्ति प्रार्थना गर्दछौं । परमेश्वर तपाईंसँग हुनुभएको हुनाले साहस गर्नुहोस् ।

हाम्रा सेवकाइसँगको सम्बन्धमा र हाम्रा सर्म्पूण प्रयास र क्रियाकलापहरूमा भएका हाम्रा हालैका सम्पूर्ण यात्रामा प्रभुको शक्तिशाली हातले हामीलाई डोऱ्याइरहेको थियो । नसुतिकन दिन र रातमा प्रभु येशू खीष्ट हामीसँग हुनुहुन्थ्यो । स्वर्गीय पिताले तपाईंलाई पनि प्रशस्त मात्रामा आशिष् देऊन् ।

हाम्रो सेवकाइमा धेरै जना परमेश्वरका सेवकहरू हुनुहुन्छ र उहाँका परिवारका धेरै जना बिरामी हुनुहुन्छ । उहाँहरूको पूर्ण सामर्थ्यमा आफ्‌ना जिम्मेवारी पूरा गर्न उहाँहरूलाई यस्ता दुर्भाग्यले बाधा दिएको छ । यो विषयमा हामी तपाईंका इमानदार प्रार्थना माग्दछौं । यो आकस्मिक र महत्वपूर्ण छ ।

तपाईंमध्ये धेरैले हाम्रो मासिक पत्रिका **बोलावटको प्रतिध्वनि** प्राप्त गर्नुभएको छैन भनेर हामीले ध्यान दिएका छौं, जुन हामीले तपाईंलाई ठूलो प्रयासको साथमा पठाएका हुन्छौं ।

के भइरहेको छ भनेर पत्ता लगाउन हामीले आफ्‌नो तर्फबाट प्रयास गरिरहेका छौं किनकि हाम्रा पत्रिकाका धेरै प्रतिहरू **ढोका बन्द, सरेको, मिति गुज्रिएको र अस्वीकार गरिएको**जस्ता विभिन्न कारणहरूले फिर्ता आएका छन् । पछि हामीले थाहा पायौं कि यीमध्ये केही कारणहरू गलत छन् । प्रियहरू, कुनै पनि बहानामा हामी तपाईंसँगको संगति गुमाउन चाहँदैनौं किनकि तपाईं हाम्रो निम्ति अत्यन्तै विशेष हुनुहुन्छ ! त्यसैले, तपाईं वा तपाईंका मित्रहरूले हाम्रो पत्रिका, **बोलावटको प्रतिध्वनि** सम्बन्धित मितिमा प्राप्त गर्नुभएको छैन भने कृपया हामीलाई पत्रहरू, इमेल, ह्वाट्सएप, सन्देश वा टेलिफोनबाट जानकारी दिनुहोस् । तपाईंको ठेगाना परिवर्तन भएको छ भने हामीलाई तपाईंको पुरानो र नयाँ ठेगानाको साथमा जानकारी दिनुहोस् ताकि हामीले तपाईंलाई सही प्रकारले फेरि बोलावटको प्रतिध्वनिका प्रतिहरू पठाउन सकौं । साथै, हामीलाई तपाईंको इमेल ठेगानाहरू पनि पठाउनुहोस् । परमेश्वरले तपाईंलाई आशिष् देऊन् !

हाम्रा सहकर्मीहरूको कडा परिश्रमद्वारा तल दिइएका मितिहरूमा १६ वटा भाषाहरूमा हुलाक र इमेलबाट हामीले नियमित रूपमा हाम्रो मासिक पत्रिका, **बोलावटको प्रतिध्वनि** पठाउँछौं:

| | | |
|---|---|---|
| १. तामिल | - | अघिल्लो महिनाको २८ तारिख |
| २. अंग्रेजी | - | हरेक महिनाको २ तारिख |
| ३. सिंहला | - | हरेक महिनाको २ तारिख |
| ४. अफ्रिकान्स | - | हरेक महिनाको ४ तारिख |
| ५. मलायालाम | - | हरेक महिनाको ४ तारिख |
| ६. तेलगू | - | हरेक महिनाको ६ तारिख |
| ७. हिन्दी | - | हरेक महिनाको ९ तारिख |
| ८. कन्नडा | - | हरेक महिनाको १० तारिख |
| ९. मराठी | - | हरेक महिनाको १२ तारिख |
| १०. असामी | - | हरेक महिनाको १२ तारिख |
| ११. बेङ्गाली | - | हरेक महिनाको १४ तारिख |

**Our Ministries:** ECHO OF HIS CALL Monthly Magazines (16 languages) ✪ BIBLECOR - Postal Courses (3 languages) ✪ Media Ministry ✪ Online Courses ✪ Theological Correspondence Courses (2 languages) ✪ Church Planting ✪ Nehemiah Bible Colleges ✪ Gospel Printing Press ✪ Great Commission Partners ✪ St. Paul's Matriculation School ✪ Crusades ✪ Community Development

| | | |
|---|---|---|
| १२. ऊर्दू | - | हरेक महिनाको १४ तारिख |
| १३. नेपाली | - | हरेक महिनाको १६ तारिख |
| १४. गुजराती | - | हरेक महिनाको १६ तारिख |
| १५. ओडिया | - | हरेक महिनाको १८ तारिख |
| १६. पञ्जाबी | - | हरेक महिनाको २० तारिख |

हामीले यी विशेष मितिहरूमा हाम्रो वेबसाइट ***www.echoofhiscall.org*** मा पनि यी पत्रिकाहरू अपलोड गर्छौं । त्यसैले, कृपया यो विकल्पलाई पनि प्रयोग गर्नुहोस् । यो पत्रिका तपाईंलाई पठाउन सहायता गर्न मेहेनेत गर्ने ७५ जना कर्मचारीहरू छन् । **बोलावटको प्रतिध्वनिको** निम्ति सन्देशहरू सबैभन्दा पहिले अंग्रेजीमा लेखिन्छ र त्यसपछि बाँकी १५ वटा भाषाको लागि सम्बन्धित सहसम्पादकहरूद्वारा अनुवाद गर्न, टाइप गर्न र **बोलावटको प्रतिध्वनिको** ढाँचाअनुसार मिलाइन्छ ।



मिलाइएका पत्रिका हाम्रा छाप्ने मेसिन, पट्याउने मेसिनको सहायताले छापिन्छ, क्षेत्र र प्रान्तअनुसार अलग गरिन्छ, बन्डलमा राखिन्छ, सवारीसाधनमा राखिन्छ र निश्चित मितिमा हुलाक नियमअनुसार हुलाकका कर्मचारीकहाँ हस्तान्तरण गरिन्छ । यो सेवकाइमा संलग्न भएका यी ७५ जना कर्मचारीहरूलाई कृपया याद गर्नुहोस् ! भाषा, संस्कृति र देश भनेर परवाह नगरेर संसारभरि असंख्य मानिसहरूका जीवनलाई यो पत्रिकाले छोइरहेको हुनाले दियाबलसले हाम्रा कर्मचारीहरूमाथि केन्द्रित गरिरहेको छ र आत्मिक लडाइँ सामना गर्न तिनीहरूलाई बाध्य पारेका छन् । के तपाईंले तिनीहरूका निम्ति प्रार्थना गरिदिनुहुनेछ ?

यो सेवकाइको भाग हुन केही तरिका पाउन तपाईंको हृदयमा कृपया विचार गरिदिनुहोस् ।

हाम्रो निम्ति प्रार्थना गर्न प्रार्थनाका साझेदारहरू र सम्माननीय संयोजकहरू हामीलाई आवश्यक छन्, जसले आफ्नो भाषामा यो पत्रिका पढ्न सक्नुहुन्छ र हरेक महिना यी पत्रिकाहरूमा सुधार गर्ने विचार र सल्लाहहरू हामीलाई दिनुहुन्छ । हामी यो प्रकाशन सेवकाइ अझ प्रभावकारी रूपमा गर्न चाहन्छौं ।

हामी तपाईंको प्रतिक्रिया व्यग्रताका साथ पर्खन्छौं र धैर्यतापूर्वक हाम्रो सम्पादकीय स्तम्भ पढ्नुभएको निम्ति तपाईंलाई धन्यवाद ।

परमेश्वरको शान्ति तपाईंसँग रहोस् ! आमेन ।

ख्रीष्ट येशूमा तपाईंका सेवकहरू,

*पास्टर एस. साम सेल्भाराज र एलेक्स सामसन साम*

(+91) 98412 71858 / 98410 71858,
E.mail : samselvaraj333@gmail.com

*पृष्ठ १ बाट*

ज्वाला गुमिसकेको छ । कृपया उहाँ र मेरो परिवारको लागि प्रार्थना गरिदिनुहोला । मेरो निम्ति उहाँमा कुनै प्रेम छैन र म अत्यन्तै निरास भएकी छु ।"

निरासाको पहाड यो महिलाको जीवनमा खसेको छ । तैपनि तिनले आफ्नो पतिलाई प्रेम गर्छिन् र उहाँको दुष्ट मार्गबाट निस्केर आएको र परमेश्वरलाई मन पर्ने जीवन जिएको चाहनुहुन्छ । तर तिनले आफ्नो सम्पूर्ण भावनाहरू सिध्याइसकेकी छिन् र बिरामी महिला बन्नुभएको छ । उहाँले प्राय: अचम्म मान्नुहुन्छ, "हे परमेश्वर, म अब नष्ट हुन लागेकी छु । अब पनि यी कष्टहरू मैले सहन सक्छु भनेर म सोच्दिनँ । म कसरी अघि बढ्न सक्छु ?"

अर्को महिलाले जानकारी दिनुभयो: "सात वर्षभन्दा अघिदेखि म भयानक आन्द्राको समस्यासँगै जिइरहेकी छु । मेरो पतिको पनि स्वास्थ्य खराब छ । हाम्रो आर्थिक कुराहरू नराम्रो अवस्थामा छ, जबकी हामीले अनावश्यक थोकहरूमा कहिल्यै खर्च गरेनौं । अहिले मेरो उनान्नब्बे वर्षीय वृद्ध बुबा क्यान्सरले ग्रस्त हुनुहुन्छ । हाम्रो निम्ति प्रार्थना गरिदिनुहुन तपाईंलाई अनुरोध गर्दछौं ।"

हरेक दिन यो महिलाले कष्टमा पर्नुभएको बुबा, बिरामी पति, असहनीय शारीरिक पीडा र डरलाग्दो आर्थिक अवस्थाको सामना गर्नुपरेको छ । उहाँ प्राय: कति पटक यसरी पुकारा गर्नुहुन्छ भनेर म अचम्ममा पर्छु, "प्रभु, यी शत्रुहरू मेरो निम्ति अत्यन्तै बलिया भएका छन् । मजस्तो कमजोर, असहाय व्यक्तिले कसरी यसलाई सहन सक्छ ? हामी कसरी अगाडि बढ्न सक्छौं ?"

एक जना पास्टरले लेख्नुभयो: "विगत जुलाइ महिनामा मेरो प्रोस्टेटमा गहन सर्जरी भयो, जुन क्यान्सरले भरिएको थियो । डाक्टरहरूले त्यसको वरिपरि भएका तन्तुहरू पनि हटाइदिए र जीवन कठिन बनाइदिए । अब ममा मधुमेह र पेटको अल्सर पनि छ । के तपाईंले मेरो निम्ति प्रार्थना गरिदिनुहुनेछ ?"

यो मानिसले हरेक दिन कस्तो भयानक शत्रुहरूको सामना गरेको छ ! उसको क्यान्सरका केही भाग बाँकी रहेका छ भन्ने भयमा ऊ जिउँछ । अनि उसले मधुमेह र पेटको अल्सरसँग लडाइँ गरेको छ । यो व्यक्तिले प्राय: कति धेरै पटक सोध्छ होला भनेर म अचम्मा पर्छु, "मैले यो निरन्तर कसरी सामना गर्न सक्छु ? मैले कसरी यसमाथि विजय पाउन सक्छु ?"

प्रभुमा ठूली दिदीले लेख्नुभयो: "मार्चमा म एकासी (८१) वर्षकी हुनेछु र ममा आर्थिटिस र मधुमेह छ । मेरो ढाड र गोडाहरू कमजोर छन् र म कठिनपूर्वक हिँड्न सक्छु । किनभने म जिउनको लागि आफैंमा भर पर्छु । मैले आफ्नो घरको सम्पूर्ण काम आफैं गर्नुपर्छ । मसँग धेरै पैसा छैन वा कोही आफन्तहरू पनि छैनन् । कृपया मेरो निम्ति प्रार्थना गरिदिनुहोला ।"

पीडाले भरिनुभएकी यो स्त्री हरेक बिहान उठ्नुहुन्छ, खाना पकाउन, आफ्नो घर सफा राख्न संघर्ष गर्नुहुन्छ भनेर म देख्छु- कसैको पनि सहायताबिना सबै काम गर्न । धेरै पटक उहाँ अचम्ममा पर्नुहुन्छ, "मैले अब अर्को दिन कसरी बिताउने होला ? जब म खाटबाट उठ्न सक्दिनँ, त्यो बिहानी मलाई के हुनेछ होला ?"

अर्की प्रिय बहिनीले लेख्नुहुन्छ: "मेरो पतिबाट मैले भर्खरै सन्देश पाएकी छु कि उहाँको खाना नलीमा क्यान्सर भएको छ । उहाँ परमेश्वरको भय मान्ने पति हुनुहुन्छ र मेरो चौध वर्षीय छोराको अति राम्रो पिता हुनुहुन्छ । म बलियो हुन सकूँ र यो अवस्थामा पनि मेरो विश्वास वृद्धि भएको होस् भनेर प्रार्थना गरिदिनुहोला ।"

यस्तै गरी अरू धेरै व्यक्तिहरूले हामीलाई लेख्नुभएझैं यो स्त्रीले हरेक दिन भयानक समस्या सामना गर्न सामर्थ्यको लागि पुकारा गर्नुभएको छ ।

मैले आफ्नो जीवनकालमा ख्रीष्टियानहरूका बीचमा यस्तो समस्याहरू, कष्ट र पीडा कहिल्यै सुनेको थिइनँ - विवाहमा संघर्षहरू, आर्थिक समस्याहरू, शारीरिक परीक्षाहरू, कहिल्यै अन्त्य नहुने दुःख । मानिसहरूले सोधिरहेका छन्, "म यसमा कसरी विजयी हुने होला ? मेरो निम्ति यी सबै शत्रुहरू अत्यन्तै शक्तिशाली भएका छन् । म कमजोर, असहाय, यसको बारेमा केही पनि गर्न असमर्थ छु । प्रभु, म यसबाट कसरी निस्कन सक्छु ?"

सत्यताचाहिँ यीमध्ये कुनै पनि समस्याहरूले परमेश्वरलाई अचम्ममा पारेको छैन । आज हामीले सामना गरिरहेका हरेक अभाव र समस्याहरूका साथै मानिस जातिलाई हुने हरेक भयानक थोकहरू उहाँले देख्नुभएको छ । हामीले ती सबै कसरी सामना गर्ने भनेर परमेश्वरले हामीलाई देखाउन चाहनुहुन्छ भनेर बाइबलले हामीलाई बताउँछ ।

परमप्रभुले मोशालाई आशाका दुई शब्दहरू बताउनुभयो, जुन आज पनि हाम्रो निम्ति बताइएको थियो । उहाँले निर्देशित गर्नुभएझैं हामीले त्यसो गर्छौं भने हामीले आफ्ना परीक्षाहरूमाथि विजयी मात्र हुने होइन तर परमप्रभुले हामीलाई प्रतिज्ञा गर्नुभएका प्रतिज्ञाहरू पूरा गर्न उहाँ विश्वासयोग्य हुनुहुन्छ भनेर हामीले पाउनेछौं:

**१. हाम्रा कुनै पनि शत्रुदेखि नडराउन परमेश्वरले हामीलाई आज्ञा गर्नुभएको छ !**

**"...तर उनीहरूसँग नडराओ..."** (व्यवस्था ७:१८) । इस्राएलको निम्ति "उनीहरू" भन्ने शब्दले प्रतिज्ञाको भूमिमा तिनीहरूले सामना गरेका ठूलो, हातहतियारले सुसज्जित अन्यजाति देशहरू प्रतिनिधित्व गर्दछ । आज हाम्रो निम्ति, "उनीहरू" भन्ने शब्दले जीवनमा हामीले सामना गर्ने हरेक समस्याहरू, समस्याहरू र रोक्न नसकिने कठिनाइ प्रतिनिधित्व गर्दछ ।

तपाईंले सोध्नुहुन्छ, हामीले किन नडराउने ? परमेश्वरले भन्नुहुन्छ, त्यसैले ! अर्को कुनै व्याख्याको आवश्यकता छैन । परमेश्वर सर्वशक्तिमान, सर्वपर्याप्त हुनुहुन्छ- अनि हामीले सामना गर्ने शैतानिक किल्लाहरूका बारेमा पनि उहाँ जानकार हुनुहुन्छ । हामीमाथि फ्याँकिने हरेक जाल, परीक्षा र जाँच उहाँलाई थाहा छ । अनि उहाँले हामीलाई आज्ञा गर्नुहुन्छ, "तँ उनीहरूमध्ये कोहीसँग पनि डराउनेछैनस् !"

परमेश्वरले यो आज्ञा अब्राहामलाई दिनुभयो । यो मानिस अनजान देशमा, शक्तिशाली राजाहरूबाट घेरिएको, उसको अन्त्य कहाँ हुन्छ भनेर थाहा नभएको स्थानमा बसिरहेको थियो । तैपनि तिनको निम्ति परमेश्वरको पहिलो शब्द यस्तो थियो, "नडराऊ !" **...दर्शनमा अब्रामकहाँ परमप्रभुको यो वचन आयो, "अब्राम, तँ नडरा । तेरो ढाल म नै हुँ र तेरो इनाम अत्यन्त ठूलो हुनेछ"** (उत्पत्ति १५:१) ।

यो अन्तिम वाक्यांशको अर्थ "म तेरो वरिपरि पर्खाल हुनेछु, तेरो रक्षक, तेरो सुरक्षा ।" समग्रमा, परमेश्वरले अब्राहामलाई बताइरहनुभएको थियो, "तैले कठिनाइहरू सामना गर्न लागिरहेको छस् । तर म तँलाई ती सबैबाट बचाउनेछु ।" परमेश्वरको वचन विश्वास गरेर अब्राहामले उहाँलाई प्रतिक्रिया दिए: **... तिनले परमप्रभुमाथि विश्वास गरे र यो तिनको निम्ति धार्मिकता गनियो** (उत्पत्ति १५:६) ।

सोही वचन अब्राहामको छोरा इसहाककहाँ आएको थियो । ऊ पनि अमैत्रीपूर्ण वातावरणमा, तिनलाई घृणा गर्ने, गिज्याउने र आफ्नो भूमिबाट निकाल्न चाहने पलिश्तीहरूबाट घेरिएको अवस्थामा बस्थे । पवित्रशास्त्रले भन्दछ, इसहाकले हरेक पटक पानीको लागि इनार खन्दा पलिश्तीहरूले ती फेरि पुरिदिन्थे: **...अब्राहामको पालोमा उनका नोकरहरूले खनिराखेका सबै इनारहरू पलिश्तीहरूले रोके र ढुङ्गा-माटोले पुरिदिए** (उत्पत्ति २६:१५) ।

इसहाक जहाँ गए पनि तिनले सोही समस्याको सामना गरे । तिनले एउटा इनारको नाम "इसेक" राखे, जसको अर्थ "विवाद" हो । वास्तवमा इसहाकले केही पनि महसुस गरेका थिएनन् तर तिनको जीवनमा विवाद थियो । तिनले सोचेको हुनुपर्छ, "मैले आफ्नो परिवार र मेरो बगाललाई कसरी पानी खुवाउने होला ? अनि मेरा छोराछोरीलाई कसरी मैले भयरहित अवस्थामा हुर्काउने, जबकि पलिश्तीहरूले कुनै पनि समयमा हामीमाथि आक्रमण गर्न सक्छन् ? परमेश्वर, तपाईंले मलाई किन यहाँ राख्नुभयो ? मैले कसरी योमाथि विजय प्राप्त गर्न सक्छु ?"

जसरी इसहाकमाथि शंकाको यो बादल निर्माण भएको थियो, परमेश्वरले अब्राहामलाई दिनुभएको सोही वचन तिनलाई दिनुभयो, **..."म तेरो पिता**

*....Contd. to page 6*


**RESIDENTIAL BIBLE COURSE**

**NEHEMIAH BIBLE COLLEGE, Chennai.**

Medium : Hindi

Registered Candidate for Membership
Asia Theological Association (ATA)
Recognised by International Christian Leaders & Senior Pastors for the past 54 years

Qualification : 10th Standard & above

**Rush for admission!**

**Contact : The Chairman, Nehemiah Bible College.**

10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

★ ONLINE CLASSES ARE AVAILABLE ★

# महान् आज्ञा सहयोगीहरु

## बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1989

PRAISE & PRAYER POINTS - From 2023 September 19 To October 18

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

## परमेश्वरलाई प्रशंसा गरौं...

सेप्टेम्वर १९: हाम्रो **बोलावटको प्रतिध्वनि सेवकाइहरूको** ५५ औं वार्षिकोत्सव समारोहमा परमेश्वरले आशिष् दिनुभयो ।

सेप्टेम्वर २०: हाम्रो छापाखानामा १६ वटा भाषाहरूमा हाम्रो पत्रिका छाप्न र प्रकाशन गर्न र मिसनको क्षेत्रमा पठाउन हामीलाई समक्ष बनाउनुभयो ।

सेप्टेम्वर २१: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदाहरू र महान् आज्ञाका साझेदारहरू र उहाँका परिवारहरूप्रति परमेश्वरको कृपाको निम्ति ।

सेप्टेम्वर २२: हाम्रो **बोलावटको प्रतिध्वनि सेवकाइहरूका** कर्मचारीहरू र उहाँका परिवारहरूमाथि सुरक्षाको निम्ति ।

सेप्टेम्वर २३: हाम्रो **बोलावटको प्रतिध्वनि** यूट्यूब मिडिया सेवकाइको ५ मिनेटको सन्देशहरूद्वारा गवाहीहरूका साथमा हामीलाई आशिष् दिनुभएको निम्ति ।

सेप्टेम्वर २४: हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइबल कलेज** र **बाइबल पत्राचार कोर्सहरूमा** परमेश्वरको आशिष्को निम्ति ।

सेप्टेम्वर २५: हाम्रो **बोलावटको प्रतिध्वनि पत्रिकाहरूका** निम्ति समर्पित संयोजकहरू प्राप्त गर्न हामीलाई सक्षम बनाउनुभएको निम्ति ।

सेप्टेम्वर २६: मिसन कर्मचारीहरूका निम्ति महान् समर्पणताको निम्ति ।

सेप्टेम्वर २७: हाम्रो सुसमाचारीय छापाखाना र प्रभावकारी कर्मचारीहरूका साथमा त्यसको निरन्तर संचालनको निम्ति ।

सेप्टेम्वर २८: हाम्रो आवासीय र साँझको **नहेम्याह बाइबल कलेजको** निम्ति नयाँ विद्यार्थीहरू प्रदान गरिदिनुभएको निम्ति ।

सेप्टेम्वर २९: हाम्रो **बाइबल पत्राचार कोर्स र ईश्वरशास्त्रीय पत्राचार कार्सको** वृद्धिको निम्ति ।

सेप्टेम्वर ३०: हाम्रो आवासीय **नहेम्याह बाइबल कलेज,** भेलाचेरीको निम्ति मेट्रो पानी र ढल जडान गर्न हामीलाई सक्षम बनाउनुभएको थियो ।

अक्टोवर १: **बोलावटको प्रतिध्वनि** पत्रिका सेवकाइलाई सहायता गर्ने समर्पित सहसम्पादकहरूको साथमा हाम्रो सेवकाइलाई आशिष् दिनुभएको निम्ति ।

अक्टोवर २: मुख्य मण्डली र शाखा मण्डलीहरूमा हाम्रो आइतवारको सेवाहरूमा परमेश्वरको वचनमा शक्ति दिनुभएको निम्ति ।

अक्टोवर ३: बहुसंख्यक सेवकाइहरूबाट सुसमाचार फैलाउने सिनियर पास्टर र उहाँको समर्पणताको निम्ति ।

## कृपया प्रार्थना गरौं...

अक्टोवर ४: भारतका सुसमाचार नसुनेका मानिसहरूमा सुसमाचार पुऱ्याउन हामीलाई सक्षम बनाउनको निम्ति ।

अक्टोवर ५: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँका परिवारका सम्पूर्ण सदस्यहरूलाई सबै प्रकारका दुष्ट शक्तिहरूबाट सुरक्षित राख्नको निम्ति ।

अक्टोवर ६: हाम्रा कार्यालयका कर्मचारीहरू छापाखानाका कर्मचारीको असल स्वास्थ्यको निम्ति ।

अक्टोवर ७: हाम्रो साँझ र आवासीय **नहेम्याह बाइबल कलेजका** विद्यार्थीहरूको सुरक्षाको निम्ति ।

अक्टोवर ८: यो महिनाको हाम्रो आवश्यकताहरू परमेश्वरले पूरा गर्नुभएको होस् ।

अक्टोवर ९: सुसमाचार विश्वव्यापी रूपमा फैलावट र हाम्रो सेवकाइहरूको बिस्तारको निम्ति ।

अक्टोवर १०: हाम्रो सिनियर पास्टरको जीवनमा लेखनमा उहाँको सफलताको निम्ति ।

अक्टोवर ११: संसारभरि शान्ति छाएको होस् ।

अक्टोवर १२: संसारभरि रहेका मिसनरीहरूको ईश्वरीय सुरक्षाको निम्ति ।

अक्टोवर १३: मणिपुर प्रान्तमा परमेश्वरको कृपा र अनुगह खन्याइएको होस् र मैतइ र कुकी जातीय समूहहरूका बीचमा शान्ति भएको होस् ।

अक्टोवर १४: हाम्रो मराठी सहसम्पादक भाइ शशीकान्त तिवारीको पत्नी श्रीमति सुवार्ता र हाम्रो अंग्रेजी सहसम्पादक डा. रिचार्ड शमूएलको चाँडो चङ्गाइको निम्ति ।

अक्टोवर १५: संसारको विभिन्न भागहरूमा आर्थिकमन्दी अन्त्य भएको होस् ।

अक्टोवर १६: संसारभरिका मानिसहरूलाई प्राकृतिक प्रकोपबाट ईश्वरीय सुरक्षाको निम्ति ।

अक्टोवर १७: परमेश्वरको भय मान्ने नेताहरूका साथमा सबै देशहरूमा परमेश्वरले आशिष् दिनुभएको होस् ।

अक्टोवर १८: गरिब मानिसहरूको आर्थिक अवस्था उकासिएको होस् ।

*....Contd. from page 4*

**अब्राहामका परमेश्वर हुँ । नडरा किनभने म तँसँग छु । म तँलाई आशिष् दिनेछु र मेरो दास अब्राहामको खातिर म तेरा सन्तानको वृद्धि गराउनेछु"** (उत्पत्ति २६:२४) ।

आज इसहाकजस्तै हामी अब्राहामका सन्तान हौं । अनि परमेश्वरले अब्राहाम र तिनका सन्तानहरूलाई गर्नुभएझैं हामीलाई पनि सोही प्रतिज्ञा गर्नुहुन्छ । **...यदि तिमीहरू ख्रीष्टका हौ भनेता तिमीहरू अब्राहामका सन्तान हौ र प्रतिज्ञाबमोजिम उत्तराधिकारीहरू हौ** (गलाती ३:२९) । अब्राहामलाई सुरक्षा दिने सोही परमेश्वरको सेवा हामी गर्दछौं । अनि शक्तिशाली रूपमा उहाँ हामीसँग हुनुहुन्छ !

हाम्रो स्वर्गीय पिताले हाम्रो जीवनका हरेक कदमलाई हेर्नुहुन्छ । अनि हाम्रा अभाव र कठिनाइहरूका बावजूद पनि उहाँले पवित्रशास्त्रमा बारम्बार हामीलाई आज्ञा दिनुहुन्छः "नडराओ !" हाम्रा समस्याहरूले हामीलाई तल खसाल्ने र हामीलाई नष्ट गर्नेछ भनेर हामीले विश्वास गर्ने होइन- किनभने उहाँ हाम्रो ढाल हुनुहुन्छ भनेर हामीले जान्नुपर्छ ।

**ए इस्राएल, तिमी धन्यका हौ, परमप्रभुद्वारा मुक्ति पाएको जाति, तिमीजस्तो को छ र ? उहाँ तिम्रो ढाल र सहायक हुनुहुन्छ र तिम्रो महिमित तरवार । तिम्रा शत्रुहरू तिम्रा अगि लुरुक्क परेर आउनेछन् र तिमीले उनीहरूका अल्गा ठाउँहरूमा टेक्नेछौ** (व्यवस्था ३३:२९) । परमेश्वरले हामीलाई बताइरहनुभएको छ, "मैले तिमीलाई त्यागेको छु भन्ने कुरा झुट हो ! म तिमीसँग रिसाएको छु र तिम्रो शत्रुहरूका विरुद्धमा तिमीलाई एक्लै छोडिदिएको छु भन्ने कुरा झुट हो । ती सबै शैतानको झुट हो !"

**म सबै ख्रीष्टियानहरूलाई सम्बोधन गर्न चाहन्छु, जसले दिक्क पार्ने पापसँग संघर्ष गरेका छन् !**

के तपाईं हरेक दिन दिक्कलाग्दो वासना वा बानीमाथि पीडामा उठ्नुहुन्छ ? के तपाईं यस्तो कुरा सोच्दै पीडामा जिउनुहुन्छ, "यो भयानक थोक ममा अझै पनि जीवित छ ?"

तपाईंको हृदयमा बाँकी रहेका पापको बारेमा परमेश्वरलाई सबै थाहा छ । अनि तपाईंले त्यसलाई कसरी घृणा गर्नुहुन्छ र त्यसमाथि शोक गर्नुहुन्छ भनेर उहाँलाई थाहा छ । अब तपाईंले यो शब्द सुनेको उहाँले चाहनुहुन्छः "नडराओ ! म तेरो ढाल, तेरो सुरक्षा, तेरो रक्षक, सबै शत्रुहरूका विरुद्ध पवित्रताको तेरो तरवार हुँ । तेरो निम्ति भएका परीक्षाबाट निस्कने मार्ग मलाई थाहा छ । अनि लडाइँ लड्न म तँलाई सिकाउनेछु !"

दाऊदलाई यो कुरा थाहा थियो । त्यसकारण, तिनले भन्न सक्थे, **...म कुनै खराबीदेखि डराउनेछैनँ...** (भजनसंग्रह २३:४) । तिनी डराएनन् भने शैतानले विजय पाउनेछ भनेर तिनलाई थाहा थियो ।

प्रियहरू, तपाईंको विरुद्धमा शत्रुले काम गर्ने तरिका त्यही हो । तपाईं आफ्नो पापको बारेमा डराएको, तपाईंले कहिल्यै स्वतन्त्रता पाउनुहुनेछैन, स्वतन्त्र हुनुहुनेछैन भनेर तर्सेको त्यसले चाहन्छ । तर परमेश्वरले शोकमा परेका, चोट पाएका सन्तहरूलाई भन्नुहुन्छः "नडराओ ! मैले तिम्रा कष्टहरू देखेको छु र थाहा पाएको छु । अनि तिमीलाई नष्ट गर्न शैतानलाई अनुमति दिनेछैन ।"

तपाईंले सोध्न सक्नुहुन्छ, "तर मैले के गर्ने त ? मैले यी सबै कुरामा प्रभुको शान्ति र विश्राम कसरी पाउन सक्छु ?"

यसको जवाफचाहिँ मोशा र इस्राएललाई दिनुभएको परमेश्वरको वचनमा पाइन्छ । आफ्नो अघि समुद्र, आफ्नो पछि शत्रु भएका र त्यहाँबाट भाग्ने कुनै पनि स्थान नभएको अवस्थामा परमेश्वरले तिनीहरूलाई आज्ञा दिनुहुन्छः **...तिमीहरू नडराओ, स्थिर होओ र परमप्रभुले आज तिमीहरूलाई दिनुहुने छुटकारा हेर... परमप्रभु नै तिमीहरूका निम्ति लड्नुहुनेछ, तिमीहरू केवल स्थिर बस...** (प्रस्थान १४:१३-१४) ।

यो अन्तिम वाक्यांशको अर्थ के हो - "केवल स्थिर बस" ? यसको अर्थ अब चिन्ता नगर, हरेक कुरा पत्ता लगाउने कोसिस नगर- अनि त्यसको साटो तिमीहरूका निम्ति मार्ग बनाउनुहुने परमेश्वरमाथि विश्वास गरिरह । जसै उहाँले इस्राएललाई निर्देशन दिनुभयो, त्यसै गरी उहाले निर्देशनको आफ्ना वचन तपाईंलाई दिनुहुन्छः ... **अगाडि बढ** (प्रस्थान १४:१५) ।

यहोशूले पनि कठिन शत्रुहरूको सामना गरेका थिए । तिनी र तिनका सेनाले सारा रात गिबोनतिर बढ्नुपरेको थियो, जहाँ तिनीहरूले पाँच जना राजाहरूको ठूलो सैनिकहरूको सामना गर्नुपरेको थियो । जब यहोशूले रणभूमिमा हेरे, तिनले शक्तिशाली रथहरू र तालिमप्राप्त सैनिकले भरिएको उपत्यका देखे । तैपनि तिनीसँगचाहिँ सीप नभएका कमजोर मानिसहरूको समूह थियो ।

त्यो क्षणमा, यहोशूमाथि निरासाको बादल निश्चय पनि छाएको हुनुपर्छ । तिनले सम्भवतः सोचेका थिए, "प्रभु, हामीले बल्लबल्ल यहाँसम्म आएका


## NEHEMIAH BIBLE EVENING COLLEGE

Chepauk & Santhoshapuram, Chennai.

Medium : Tamil

ATA — Regd. Candidate for Membership — NEHEMIAH BIBLE COLLEGE CHENNAI — ECHO OF HIS CALL ★ Estd. 1969

*Registered Candidate for Membership*
Asia Theological Association (ATA)

**Recognised by International Christian Leaders & Senior Pastors for the past 54 years**

*Diploma in Ministry : One year*
*Diploma in Theology : Two years*
*Bachelor of Theology : Three years*

**Qualification : 10th Standard & above**

**Rush for Admission!**

**Contact : The Chairman, Nehemiah Bible College.**

10, MOHAMMED ABDULLAH 2ND STREET, BELLS ROAD, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

छौं- अनि अब हामीले यो बलियो शत्रुसँग लडाइँ गर्नुपर्नेछ । कृपया मलाई बताउनुहोस्- हामीले के गर्न लागेको छौं ?"

पवित्रशास्त्रले भन्दछः ... **परमप्रभुले यहोशूलाई भन्नुभयो, "उनीहरूसँग नडरा किनकि मैले उनीहरूलाई तेरो हातमा सुम्पिदिएको छु। उनीहरू एक जना पनि तेरो सामुन्ने टिक्न सक्नेछैन"** (यहोशू १०:८) ।

यहोशू रणभूमिमा उत्रनुअघि नै परमेश्वरले विजयको घोषणा गर्नुभयो । उहाँले भन्नुभयो, "विजय पहिले नै जितिसकिएको छ ! लडाइँपछि यीमध्ये कुनै पनि शत्रुका सेनाहरू बाँकी छोडिनेछैनन्। अब, जाऊ र लडाइँ गर, याद राख कि मैले तिमीलाई विजयको प्रतिज्ञा गरेको छु !"

क्रूसको सन्देश यही हो ! हाम्रो निम्ति विजय पहिले नै जितिसकिएको छ । हामीले जस्तोसुकै अभावको सामना गर्नुपरे पनि, हाम्रो अघि जस्तोसुकै शक्तिशाली कठिनाइहरू भए पनि, हाम्रो विजय निश्चित छः **...यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजेताहरूभन्दा पनि अझ बढी छौं** (रोमी ८:३७) ।

के यसको अर्थ, हामीले केही पनि गर्नुपर्दैन भन्ने हो- कि हामी त्यहाँ खडा हुनुपर्छ र हाम्रा सबै शत्रुहरूलाई मार्न परमेश्वरले स्वर्गदूतहरू पठाउनुभएको आशा गर्ने ? होइन- कदापी होइन ! परमेश्वरले हाम्रो विजय घोषणा गर्नुभए पनि उहाँले हामीले गर्नुपर्ने भाग उहाँले गर्नुहुनेछैन । **सबैभन्दा माथि विश्वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ । मुक्तिको टोप लगाओ र पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो** (एफिसी ६:१६,१७) ।

शत्रुसँग लडाइँ गर्नु हामीले आफ्नो तरवार उठाउनै पर्छ। हामीलाई सुसज्जित गर्न परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ भनेर विश्वास गर्दै हामीले त्यो गर्नुपर्छ भन्ने कुराचाहिँ भिन्नता होः **...परमेश्वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा विजय दिनुहुन्छ** (१ कोरिन्थी १५:५७) ।

पवित्र आत्माले हाम्रो विश्वासमा प्रतिक्रिया दिनुहुन्छ । जब हामीले उहाँलाई पुकारा गर्छौं, शरीरका कार्यहरूलाई शर्ममा पार्न अलौकिक शक्तिको साथमा उहाँ हामीमाथि आउनुहुन्छ । हाम्रो भागचाहिँ विश्वास हो र हाम्रो विरुद्धमा आउने दुष्टका शक्तिहरूलाई परमेश्वरको आत्माले रोक्नुहुनेछ भन्ने विश्वासमा हिँड्नु हो ।

## २. विगतमा हाम्रा शत्रुहरूलाई परमेश्वरले कसरी पराजित गर्नुभयो भनेर सम्झन उहाँले हामीलाई आज्ञा दिनुहुन्छ !!

मोशाले इस्राएललाई निर्देशन दिए, **उनीहरूसँग नडराओ। परमप्रभु तिमीहरूका परमेश्वरले फारो र सारा मिश्रलाई के गर्नुभयो त्यसको स्मरण गर। ठूला-ठूला सङ्कष्टहरू, अचम्मका चिन्हहरू, आश्चर्यकर्म र आफ्नो बाहुबल र फैलिएको पाखुरा प्रयोग गरेर तिमीहरूलाई निकाली ल्याउनुभएको त्यहाँ तिमीहरू आफैंले देखेका थियौ- त्यसरी नै परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरू अहिले डराएका ती सबै जातिसँग पनि गर्नुहुनेछ** (व्यवस्था ७:१८-१९) ।

कस्तो शक्तिशाली सन्देश ! मोशाले इस्राएलीहरूलाई सम्झाइरहेका थिए, "तिमीहरूले सामना गर्ने जस्तोसुकै शत्रुहरू भए पनि तिमीहरूले ती सबैमाथि विजय प्राप्त गर्छौ भनेर प्रतिज्ञा गर्नुभएको छ। उहाँले तिमीहरूका पुर्खालाई फारोबाट छुटकारा दिनुभयो र आज पनि उहाँले तिमीहरूका निम्ति त्यही गर्नुहुनेछ !"

**...मिश्रबाट निक्लेर आएको तिमीहरूले जीवनभरि सम्झना राख्नलाई यो खानुपरेको हो** (व्यवस्था १६:३) । **...याद राख, तिमीहरू मिश्रमा कमारा-कमारी थियौ...** (व्यवस्था १६:१२) ।

मानिसहरूप्रति मोशाको पुकारा यस्तो थियो, "विगत याद राख ! उजाडस्थानमा यहाँ तिमीहरूले कठिन समय पाइरहेका छौ भनेर तिमीहरूले विचार गर्छौ भने मिश्रमा तिमीहरूले सामना गर्नुपरेका सारा आतंकहरूका बारेमा विचार गर । जब तिमीहरू सबै कमारा थियौ, जीवन कस्तो थियो भनेर नबिर्स। अनि तिमीहरूलाई छुटकारा दिन परमेश्वरले गर्नुभएका हरेक कामलाई सम्झ- ती सबैबाट तिमीलाई बचाउन र शुद्ध पार्न !"

यशैयाले भयभित भएका मानिसहरूलाई परमेश्वरको वचन बताए । जब परमेश्वरले इस्राएललाई त्याग्नुभएको छ भनेर तिनीहरू निश्चित भएका थिए, त्यस्तो समयमा यस्तो भएको थियो । तिनीहरूका शत्रुहरूले के गर्न सक्छन् भन्ने कुराले तिनीहरू भयभित भएका थिए । तर यशैयाले तिनीहरूलाई निश्चिन्त बनाएः

**तिमीहरूलाई सान्त्वना दिने म नै हुँ। मरणशील मानिसदेखि, घाँसजस्तै ओइलाउने मानिसका सन्तानदेखि डराउने तैं को होस् ? आकासलाई फैलाउनुहुने र पृथ्वीको जग बसाल्नुहुने आफ्ना सृष्टिकर्तालाई भुलेर अत्याचारीका क्रोधको कारण, जसले तैंलाई नाश गर्न खोज्छ, तैं किन दिनदिनै त्रासमा जीवन बिताउँछस् ?** (यशैया ५१:१२-१३) ।


**निःशुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर**

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।


## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ । कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्नु हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

**"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।**

## लामो दाह्री भएको सुन्दर मानिस

मेरो भाडाको घरमा भएको अधिकाङ्श स्थान चेन्नाइमा भएको हाम्रो पहिलो मण्डलीको प्रयोगको निम्ति दिएको थिएँ, जुन अक्बर साबिह भन्ने बाटोमा अवस्थित थियो। हाम्रा सबै छिमेकीहरू मुस्लिम दाजुभाइहरू थिए, जसलाई प्रभु येशू ख्रीष्टको सुसमाचार मन पर्दैनथ्यो। तर त्यो क्षेत्रमा मात्रै परमेश्वरको काम गर्न उहाँले मलाई चलाउनुभयो !

मेरा अन्य सुसमाचारीय क्रियाकलापहरूका साथै व्यक्तिगत सुसमाचार प्रचारका साथमा मैले हरेक आइतवार बिहान ९ बजे मण्डलीका सेवाहरू सुरु गरें। सेवामा, मेरो अघि ठूलो भिड भेला भएको थियो भनेर विचार गरेर मेरो सांगितिक बाजा, अक्करडियन प्रयोग गर्दै प्रभुको आराधन गर्ने र गीतहरू गाउने मेरो बानी थियो। यो आवाजको बारेमा सो क्षेत्रमा भएका मानिसहरूका साथै सर्वसाधारणहरू खुसी थिएनन्। त्यसैले, केही वर्षसम्म मानिसहरूको उपस्थिति अत्यन्तै न्यून थियो।

१९८४ को वर्षमा एउटा विशेष आइतवारको बिहानी मैले मण्डली सेवाको निम्ति स्थान तयार गरें र सेवा सुरु गर्नको निम्ति सबै व्यवस्था पूरा गरें। मैले जोशका साथमा प्रार्थना गरें र सेवामा कम्तीमा पनि केही आत्माहरू दिन प्रभुमा पर्खिरहें। त्यो विशेष दिनमा कोही पनि नआएको हुनाले म आफ्ना आत्मामा निरास भएको महसुस गरें र शारीरिक रूपमा थकित भएँ। त्यसैले, म घरको अर्को कोठामा गएँ र तोडिएको हृदयको साथमा पल्टें।

**तब परमप्रभुका दूतले गिदोनकहाँ देखा परेर तिनलाई भने, "तँ वीर मानिस होस् र परमप्रभु तँसँग हुनुहुन्छ"** (न्यायकर्ता ६:१२)।

**HANDSOME MAN WITH LONG BEARD!**

सोही समयमा मैले दर्शन देखें। मुख्य ढोकाबाट मण्डलीभित्र लामो दाह्री भएका बुढो र सुन्दर मानिस प्रवेश गरे। राम्रै संख्याका मानिसहरूले तिनलाई पछ्याएका थिए। तर तिनीहरूका अनुहार स्पष्ट रूपमा देखिएको थिएन। मानिसहरूका साथमा तिनले बत्तीहरू र पङ्खाहरूको स्वीच खोले र घुँडा टेके र जीवित परमेश्वरको आराधना र प्रार्थना गर्न थाले। आवाज चर्को भएको हुनाले म सुतिरहन सकिनँ। त्यसैले म, उठें र भय र श्रद्धाको साथमा कोठामा प्रवेश गरें। तर त्यहाँ कोही पनि थिएन। अचानक कोठामा भएका उक्त व्यक्ति र मानिसहरू गायब भएका थिए।

केही मिनेटपछि रेभ. डा. विभिन लरेन्स र उहाँकी पत्नी श्रीमती सेरेना विभिन भर्खरै जन्मेको बच्चाको साथमा मण्डलीमा प्रवेश गर्नुभयो। सो दिनमा मण्डलीमा जान परमेश्वरको आत्माले उहाँहरूलाई प्रेरित गर्नुभएको थियो भनेर उहाँले बताउनुभयो। त्यसको केही मिनेटपछि अझ धेरै नयाँ व्यक्तिहरू पनि आउनुभयो र सेवामा सहभागी हुनुभयो र त्यसपछि हाम्रो मण्डलीमा परमेश्वरले धेरैभन्दा धेरै आशिष् दिन सुरु गर्नुभयो।

हाम्रो परमेश्वर सारा समय भला हुनुहुन्छ। उहाँले कुनै पनि तरिकामा, कुनै पनि समयमा कसैको पनि जीवनमा आश्चर्यकर्महरू गर्न सक्नुहुन्छ। आज तपाईंको आफ्नै जीवनमा पनि ईश्वरीय हस्तक्षेपको निम्ति तपाईंले उहाँमाथि भरोसा गर्न सक्नुहुन्छ।

*******

---

परमेश्वरले अगमवक्ताद्वारा भन्नुभयो, "तँ डराउने कारणचाहिँ म को हुँ भनेर तैले बिर्सिएको छस्। तँलाई छुटकारा दिने मेरो शक्ति र सामर्थ्यभन्दा पनि तैले आफ्नो समस्याहरूमा मात्रै हेरिरहेको छस्। तेरो जीवनमा अझै पनि मेरो हातमा छ भन्ने कुरा तैले बिर्सिएको छस्!"

तपाईंको जीवनमा परमेश्वरले गर्नुभएका आश्चर्यकर्म सम्झन तपाईंलाई समस्या भइरहेको हुन सक्छ। तपाईंले सोच्न सक्नुहुन्छ, "मेरो जीवन लामो, कठिन डरलाग्दो भएको छ। मैले यसमा कुनै आनन्द गर्न सकेको छैन। जब मैले ती अनुभव गरेको छैन भने मैले कसरी परमेश्वरको आश्चर्यकर्म सम्झन सक्छु?"

हाम्रा अनुभवले विश्वासलाई प्रेरित गर्न सक्छ भनेर तपाईंले जान्नुपर्छ। तर ती हाम्रो विश्वासको आधारको अर्थ होइन। त्यसकारण, येशू ख्रीष्टले के गर्नुभएको छ भनेर परमेश्वरको वचनले हामीलाई सधैं इङ्गीत गर्दछ। हाम्रो निम्ति क्रूसमा उहाँको विजय र विश्वासद्वारा त्यसमा टाँसिने कुरा हामीले सम्झनुपर्छ। उहाँको आत्माद्वारा उहाँले मात्रै हामीलाई विजयमा सुसज्जित गर्नुहुन्छ।

**येशू ख्रीष्टले भन्नुभयो, "म पिताकहाँ गइरहेछु तर म तिमीहरूलाई टुहुरो छोड्नेछैनँ।"**

येशू ख्रीष्टले आफ्ना चेलाहरूलाई बताउनुभयो, ... **अब मलाई पठाउनुहुनेकहाँ म गइरहेछु** (यूहन्ना १६:५)। ... **म तिमीहरूलाई टुहुरो छोड्नेछैनँ...** (यूहन्ना १४:१८)। यहाँ उल्लेख गरिएको "टुहुरो" भन्ने ग्रीक शब्दको अर्थ "अनाथ, बुबारहित" भन्ने हो।

चेलाहरूका रूपमा तपाईंले पछि गर्नुभएका सबै काम तपाईंले एक्लै गर्नुभएको र तपाईंको

निम्ति परमेश्वरले काम गर्नुभएको छैन भन्ने तपाईंले महसुस गर्न सक्नुहुन्छ। उहाँको वास्ताको बारेमा तपाईंले कुनै प्रमाण देख्नुहुन्न । अनि यो समयको निम्ति परमेश्वरको आत्माले तपाईंलाई त्याग्नुभएको थियो र तपाईंको वृद्धावस्थामा उहाँले तपाईंलाई त्याग्नुभएको छ भनेर शैतानले तपाईंलाई झुट बोल्छ ।

तर तपाईंले एउटा अद्वितीय आश्चर्यकर्म बिर्सन सक्नुहुन्न। येशू ख्रीष्टले आफ्ना सम्पूर्ण चेलाहरूलाई प्रतिज्ञा गर्नुभएको छः "म तिमीहरूलाई टुहुरो छोड्नेछैनँ ! मैले तिम्रो निम्ति मोल तिरेको छु !! तिमी मेरा हौ !!!"

तपाईं जस्तोसुकै अवस्थाबाट गुज्रिए पनि तपाईंको स्वर्गीय पिताले आफ्नो विचारमा एक पटक पनि त्याग्नुभएको छैन र उहाँले कहिल्यै पनि त्याग्नुहुनेछैन । उहाँको अनन्त नतोडिने प्रतिज्ञा सुन्नुहोस्:

**...सियोनले भन्यो, परमप्रभुले मलाई त्याग्नुभएको छ। मेरा परमप्रभुले मलाई बिर्सनुभएको छ। के कुनै आमाले आफ्नो दूधेबालकलाई बिर्सन सक्छे र ? आफूले जन्माएको बालकलाई के त्यसले टिठ्याउँदिनँ र ? त्यसले बिर्सन पनि सक्छे तर म त तँलाई बिर्सन सक्दिनँ। हेर्, मैले तँलाई मेरो हत्केलामा खोपेको छु। तेरा पर्खालहरू निरन्तर मेरै सामुन्ने छन्** (यशैया ४९:१४-१६) ।

यो खण्डले हामीलाई बताउँछ कि, "सुरक्षाको निम्ति तेरो आवश्यकता सधैं मेरो आँखा अगाडि छ! तेरो वरिपरि मेरो अलौकिक पर्खालहरूले घेरेर राख्ने बारेमा मैले लापरवाही गरेको कुनै क्षण छैन !! मेरो सुरक्षाको घेरा सधैं त्यहीं छ !!!"

मैले केही आमाहरू- पास्टरका पत्नीहरू समेतलाई चिनेको छु- जसले आफ्ना छोराछोरीलाई त्यागेका छन् । केही हप्ताअघि मात्रै एक जना पास्टरले हामीलाई लेख्नुभएको थियो: "मेरो विवाह भएको पच्चीस वर्ष भयो तर हालै मात्र मेरी पत्नीले इन्टरनेटबाट भेट भएको मानिसको निम्ति मलाई छोडेकी छिन् । तिनले हाम्रा छोराछोरी र मलाई छाडेर गएकी छिन् । म तिनलाई अझै पनि प्रेम गर्छु र तिनी घर फर्केर आएको हेर्न चाहन्छु तर तिनी आउँदिनन् । मैले अहिले निकै चोट पाएको छु, म सुत्न सक्दिनँ । म कसरी यसबाट निस्कने भनेर मलाई थाहा छैन ।"

परमेश्वरले यो मानिसलाई जवाफ दिनुहुन्छ, "तिम्रो प्रिय पत्नीले तिमलाई छोड्न सक्छे- तर म कहिल्यै त्याग्नेछैनँ । तेरो वरिपरि भएका मेरा पर्खालहरूले तँलाई सधैं सुरक्षित राख्नेछ !"

हाम्रो सेवकाइले महिलाहरूबाट धेरै पत्रहरू प्राप्त गर्दछ, जो दशकौंदेखि मद्यपान गर्ने पतिहरूसँग बसोबास गर्नुहुन्छ। जब मैले उहाँहरूको निरासाको बारेमा पढें, मैले सोधें, "प्रभु, यी विश्वासयोग्य महिलाहरूले आशाको कुनै चिन्हबिना नै यति लामो समयदेखि किन कष्टित हुनुपरेको छ ?" मेरी पत्नी किन यस्तो धेरै शारीरिक कष्टबाट भएर गुज्रिनुपरेको हो भनेर मैले कहिल्यै बुझिनँ। तिनको अठ्ठाइस पटक अपरेसन भएको थियो, तीमध्ये छ वटा क्यान्सरको लागि भएको थियो- चालीस वर्षदेखि भयानक पीडा सहनुपरेको छ । तिनले यो तरिकामा किन निरन्तर कष्टित हुनुपरेको हो भनेर कुनै पनि सेवक वा ईश्वरशास्त्रीले मलाई व्याख्या गर्न सक्नुभएको छैन ।

तापनि, हामीमध्ये जोकोही पनि जस्तोसुकै अवस्थाबाट गुज्रनुपरे पनि वा जति नै लामो समय हामीले यसलाई सहनुपरे पनि त्यसले केही अर्थ राख्दैन । यी सबैमाथि एउटा कुरा सत्य हुन्छ ।

## सबै थोकहरूमा परमेश्वरको अनुग्रह हाम्रो निम्ति पर्याप्त छ !

प्रेरित पावलले परमेश्वरमा पुकारा गरे, "प्रभु, कृपया मेरो शरीरमा भएको यो काँढोबाट मलाई छुटकारा दिनुहोस् !" तर परमप्रभुले तिनलाई जवाफ दिनुभयो, **"...मेरो अनुग्रह तेरो निम्ति पर्याप्त छ..."** (२ कोरिन्थी १२:९) । परमेश्वरले आफ्नो सेवकलाई बताउनुभयो, "पावल, तँ यो काँढोको साथमा जिउन लागेको छस् । तर तेरो पीडाको बीचमा तँलाई आवश्यक भएको सम्पूर्ण अनुग्रह म तँलाई दिनेछु । तेरो निम्ति मसँग अन्तहीन थोकहरू छन् !"

हाम्रा अवस्थाहरूमा परमप्रभुले ल्याउन सक्नुहुने कुनै पनि छुटकाराभन्दा उहाँको अनुग्रह बलियो छ भनेर हामीले जानेको उहाँले चाहनुहुन्छ। किन ? उहाँ को हुनुहुन्छ भन्ने पूर्ण प्रकाश उहाँको अनुग्रहमा रहेको छ ! केवल स्थिर रहनुहोस्, परमेश्वरको अनुग्रह येशू ख्रीष्टमा पूर्णरूपमा प्रकट भएको थियो- सम्पूर्ण पवित्रतामा, तापनि नम्रता, करुणामय हृदयको साथमा ।

हाम्रो स्वर्गीय पिताले हाम्रो कष्टको हरेक क्षण हेर्नुहुन्छ र उहाँले हामीलाई यी अचम्मका प्रतिज्ञा गर्नुहुन्छ:

**...धर्मी जनहरूको उद्धार परमप्रभुको तर्फबाट हुन्छ, दु:खको समयमा उहाँ नै तिनीहरूको शरणस्थान हुनुहुन्छ** (भजनसंग्रह ३७:३९) ।

**... किनकि उहाँले भन्नुभएको छ, "म तिमीहरूलाई कुनै रीतिले छोड्नेछैनँ, म तिमीहरूलाई त्याग्नेछैनँ। यसकारण निर्धक्क भएर हामी भन्दछौं, प्रभु मेरा सहायक हुनुहुन्छ, म डराउनेछैनँ। मानिसले मलाई के गर्न सक्छ र ?"** (हिब्रू १३:५-६) ।

**यसैले नडरा किनकि म तँसित छु। निरुत्साहित नहो किनकि म तेरा परमेश्वर हुँ । म तँलाई बलियो पार्नेछु। म तँलाई सहायता गर्नेछु। मेरो धार्मिकताको दाहिने हातले म तँलाई समाल्नेछु।**

**तँदेखि रिसाउनेहरू सबै निश्चय नै लज्जित हुनेछन् र शर्ममा पर्नेछन् । तेरो विरोध गर्नेहरू केही न केहीका हुनेछन् र नष्ट हुनेछन् । तेरा शत्रुहरूलाई तैले खोजे पनि उनीहरूलाई भेट्टाउनेछैनस् । तेरो विरोधमा युद्ध गर्नेहरू पनि बिलकुल निरर्थक हुनेछन् र नष्ट हुनेछन् ।**

**किनकि म, परमप्रभु तेरा परमेश्वर हुँ, म तेरो दाहिने हात समात्छु र तँलाई यसो भन्छु, नडरा, म तँलाई सहायता गर्नेछु... गरिब र दरिद्रहरूले पानी खोज्छन् तर केही पानी हुँदैन, तिनीहरूको जिब्रो प्यासले सुक्नेछ । तर म परमप्रभुले तिनीहरूलाई जवाफ दिनेछु । म इस्राएलका परमेश्वरले तिनीहरूलाई त्याग्नेछैनँ** (यशैया ४१:१०-१३,१७) ।

कुनै पनि अवस्था, अभाव वा विपत्तिबाट पनि तपाईं विजयी हुन सक्नुहुन्छ- केवल येशू ख्रीष्टको अनुग्रहद्वारा । तपाईंको मार्गमा जेसुकै आए पनि तपाईंलाई सान्त्वना दिन उहाँसँग पर्याप्त अनुग्रह र पवित्र आत्मा हुनुहुन्छ !

**यसकारण, परमेश्वरको शक्तिशाली बाहुलीमुनि तिमीहरू आफैंलाई विनम्र तुल्याओ र उहाँले उचित समयमा तिमीहरूलाई उच्च पार्नुहुनेछ** (१ पत्रुस ५:६) ।

**त्यसकारण, आफ्नो यो भरोसा नत्याग, जसमा ठूलो इनामको प्रतिफल छ** (हिब्रू १०:३५) ।

*******

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/21-23 WPP NO. TN/PMG(CCR)/WPP-220/21-23

## बोलावटको प्रतिध्वनि

**यूट्यूब**

जब तपाईंको समय हुन्छ कृपया हाम्रो Echo of His Call You Tube च्यानल हेर्नुहोला र सस्क्राइब गरिदिनुहोला । – सम्पादक

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

| | | |
|---|---|---|
| Branch | : | **Triplicane, Chennai-5** |
| Name | : | **S. Sam Selva Raj** |
| A/C No. | : | **1023 2934 679** |
| IFSC | : | **SBIN 00 00 249** |
| SWIFT CODE | : | **SBI NIN BB 455** |

### *2. Bank : ICICI Bank*

| | | |
|---|---|---|
| Branch | : | **Anna Salai, Chennai-6** |
| Name | : | **Echo of His Call** |
| A/C No. | : | **6038 0502 2319** |
| IFSC | : | **ICIC 000 6038** |

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

| | | |
|---|---|---|
| Branch | : | **Triplicane, Chennai-5** |
| Name | : | **Echo of His Call Educational Trust** |
| A/C No. | : | **1023 2923 805** |
| IFSC | : | **SBIN 00 00 249** |

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**

*****

**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**

10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/21-23**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/21-23**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**

**on 16th SEPTEMBER 2023**

**If un-delivered please return to:**

**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

**To**

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**